# मकवानपुरगढी गाउँपालिका
## Makawanpurgadhi Rural Municipality
# गाउँकार्यपालिकाको कार्यालय
## Office of the Rural Executive
मक्रान्चुली, मकवानपुर
Makranchuli, Makawanpur

Email: makawanpurgadhi.rmc@gmail.com
Website:makawanpurgadhimun.gov.np
Contact no. : 9855073810 (Chairman)
Contact no.: 9855088966 (CAO)

३ नं. प्रदेश, नेपाल
Province no. 3, Nepal


मिति :२०७७।०१।२६
Date :

प.सं. (Ref.) : २०७६।७७
च.नं. (Dispatch no.) : १५८८

**विषय : शौचालय निर्माण गर्न चाहने व्यक्ति छनौट गरि पठाउने सम्बन्धमा ।**

**श्री वडा कार्यालय सबै,**
**मकवानपुरगढी गाउँपालिका**

प्रस्तुत विषयमा असहायसँग गाउँपालिका अध्यक्ष कार्यक्रम तथा खानेपानी तथा सरसफाई कार्यक्रम अन्तरगत विनियोजन भएको रकमबाट गाउँपालिका भित्रका शौचालय नभएका **असहाय, अपाङ्ग, एकल महिला, दलित तथा विपन्न परिवार**हरुलाई केन्द्रित गरी यस गाउँपालिकाको प्राविधिक शाखाबाट तयार भएको शौचालयको डिजाइनमा शौचालय निर्माण गरेमा सम्बन्धित लाभग्राहीले गाउँपालिकासँग गरेको सम्झौता, लागत अनुमान तथा प्राविधिक स्पेशिफिकेशन एवंम कार्यसम्पन्न प्रतिवेदन तथा विल भरभाईका आधारमा रु. १५ हजार नबढ्ने गरी शौचालय निर्माण सहयोग गर्ने कार्यक्रम रहेकाले तपसिल बमोजिमको कागजात सहित विवरण संकलन तथा तयार गरी यो पत्र पाएको १० दिनभित्र यस गाउँपालिकामा सिफारीस गर्नुहुन कार्यपालिकाको मिति २०७७ बैशाख १६ को निर्णयानुसार अनुरोध छ ।

**तपसिल**

१. प्रत्येक वडा कार्यालयले शौचालय नभएका असहाय, अपाङ्ग, एकल महिला, दलित तथा विपन्न परिवारमध्यबाट १०/१० घर परिवार छनौट गर्नुपर्नेछ ।

२. वडा कार्यालयले विवरण तयार गर्दा उल्लेखित परिवारसँग देहाय बमोजिमका कागजातमाग गर्नुपर्नेछ।
- सम्वन्धित परिवारको निवेदन ।
- नेपालीनागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
- जग्गाधनी प्रमाणपत्र (लालपुर्जा) को प्रतिलिपि ।
- असहाय, अपाङ्ग, एकलमहिला, दलित तथा विपन्न परिवार प्रमाणित गर्ने कागजातको प्रतिलिपि

३. प्रत्येक वडा कार्यालयले उल्लेखित अवधि भित्र विवरण तयारी गरी गाउँपालिकाभित्र पठाइसक्नुपर्नेछ ।

.................
(रामकुमार पुडासैनी)
प्रमुखप्रशासकियअधिकृत

“मकवानपुरगढी गाउँपालिकाको समृद्धिको आधार, शिक्षा, कृषि, पर्यटन र पूर्वाधार”